# नेपाल सरकार
## अर्थ मन्त्रालय,
## प्रेस विज्ञप्ती

२०७५/०५/३१

माननीय अर्थमन्त्री डा. युवराज खतिवडाको समूपस्थितिमा राजस्व चुहावट नियन्त्रण उच्चस्तरीय अनुगमन समितिको बैठक अर्थ मन्त्रालय, सिंहदरबारमा सम्पन्न भयो। कार्यक्रममा अर्थ र प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका सचिवहरु, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षकहरु, गृह मन्त्रालयका सहसचिव, राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धिकरण तथा अनुसन्धान विभागका महानिर्देशकहरु एवम् अर्थ मन्त्रालयका पदाधिकारीहरु एवम् विभागीय प्रमुखहरुको उपस्थिति रहेको थियो ।

माननीय अर्थमन्त्रीबाट चाडपर्व केन्द्रित उपभोग्य वस्तुहरुको अवैद्य पैठारी र ओसार पसारमा निगरानी बढाउन, राजस्व चुहावटको हिसावले संवेदनशिल वस्तुहरुको निकासी पैठारीमा निगरानी बढाउन, प्रमुख भन्सार नाकाहरुमा Vehicle Scanning Mechine जडान गरी संचालनमा ल्याउन, भन्सार मूल्याङ्कन न्यून हुने एवम् तस्करी हुने वस्तु र व्यवसायीहरुको पहिचान गरी निगरानी एवम् अनुसन्धान गर्नको साथै स्वदेशी उद्योगको संरक्षणलाई वाधा पुग्ने गरी अवैद्य रुपमा हुने पैठारीलाई निगरानी एवम् नियन्त्रण गर्नेगरी आपसी समन्वय र सहकार्यमा कार्यसम्पादन गर्न निर्देशन दिनुभयो ।

कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै अर्थ सचिव श्री राजन खनालले हाल भन्सार नाकामा हुने मालवस्तुको घोषणा र मूल्याङ्कनमा देखिएको सुधारलाई निरन्तरता दिंदै राजस्व चुहावट र छली उपर गरिने कारवाहीको प्रदर्शनीय प्रभाव पर्नेगरी कार्यसम्पादन गर्न निर्देशन दिनुभयो।

कार्यक्रममालाई सम्बोधन गर्नु हुँदै राजस्व सचिव श्री शिशिर कुमार ढुंगानाले राजस्व चुहावट नियन्त्रणको लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र भन्सार विभागले संयुक्त रुपमा गस्ति परिचालन गर्न, अन्तरनिकाय सूचना आदान प्रदानलाई थप प्रभावकारी बनाउन, चालू आर्थिक वर्षको राजस्वको लक्ष्य हासिल गर्न टेवा पुग्ने गरी भन्सार गस्ति एवम् राजस्व चुहावट नियन्त्रण कार्यलाई अघि बढाउन निर्देशन दिनु भयो।

अर्थ मन्त्रालय, सिंहदबार